# ख्रीष्ट र करार

# Pastor S. James

**June 8th, 2023**

***प्रार्थना***

*प्रभु तपाइलाइ धन्यबाद , धन्यबाद , धन्यबाद हामी बिश्वासमा अगाडि बढ्न को लागी हामीलाइ अनुग्रह को शिक्षा चाहिन्छ । नत्र भने हामी बिश्वासमा अगाडि बढ्न सक्दैनौ । त्यस कारणले पबित्र आत्मा हामीलाइ शिक्षा दिनुहोस् र हाम्रो आत्मिक कान आखाँ छुनुहोस् प्रभु । हामी देख्न सकौ , हामी सुन्न सकौ र बुझ्न सकौं । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

हामीलाइ सन्तहरुको बादलले घेरेको छ । ति सन्तहरुमा सबै भन्दा मुख्य पात्र अब्राहाम हो । बिश्वास दुइ प्रकारको छ एउटा बिश्वास यो संसार माथि आखाँ राख्ने बिश्वास र अर्को अनन्तकालको लागी आखाँ राख्ने बिश्वास यो दुबै तरीकाको बिश्वास राख्ने बिश्वासीहरु नै हुन् । अब्राहम परमेश्वरको आवाज सुनेर उर बाट निक्लेर हारानमा पुग्दा खेरी उसको बिश्वास स्थाइ भयो । धेरै शाल हारानमा बस्यो र बाबा को मृत्यु पछि फेरी परमेश्वरको आवाज सुनेर प्रतिज्ञाको देशमा पुग्यो । फेरी अनिकाल आए पछि उ मिश्र देशमा गयो र फेरी उसको बिश्वास स्थाइ भयो । हिब्रु १२ को १ ले यसरी भन्छ यि सन्तहरु को बादले हामीलाइ घेरेता पनि हाम्रो आखाँ येशु को माथि हुनु पर्छ । यदि हाम्रो आखाँ सन्तहरु माथि मात्र भयो भने उनीहरु जस्तो हाम्रो बिश्वास कहिले अस्थाइ कहिले अनन्तकाल को हुन्छ ।

उत्पत्ति १५:१-८ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"
2 अब्रामले भने, "हे परमप्रभु परमेश्वर! हजुरले मलाई के दिनुहुन्छ? यस्तो हजुरले दिंदा मलाई खुशी पार्ने केही छैन। किन? किनभने, मसित छोरा छैन। यसर्थ मेरो घरमा जन्मेको कमारा दमीसकको एलीएजरले मेरो मृत्यु पछाडी मसँग भएका सबै सम्पत्ति पाउँनेछ।"
3 अब्रामले भने, "तपाईले मलाई एउटा छोरा दिनुभएको छैन, अतः मेरो घरमा जन्मेको कमाराले मेरो जम्मै सम्पति पाउनेछ।"
4 त्यसपछि परमप्रभुले अब्रामसित कुरा गर्नु भयो। परमेश्वरले भन्नुभयो, "तिमीसँग भएको सम्पत्ति त्यो कमारोले पाउँदैन। तिम्रो आफ्नै छोरो जन्मनेछ। अनि तिम्रो सम्पत्तिको उत्तराधिकारी उही तिम्रो छोरो हुनेछ।"
5 त्यसपछि परमेश्वरले अब्रामलाई बाहिर लानु भयो र भन्नुभयो, "आकाशमा हेर, तिमीले त्यहाँ यति धेरै ताराहरू देख्नेछौ गन्नु सक्तैनौ। भविष्यमा तिम्रा पनि त्यति धेरै सन्तानहरू हुनेछन्।"
6 अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले अब्रामको विश्वासलाई विचार गर्नुभयो कि उसले वास्तवमा के गराउन चाहन्थे।
7 परमेश्वरले अब्रामलाई भन्नुभयो, "म उही परमप्रभु हुँ जसले तिमीलाई कल्दीहरूको ऊरबाट ल्यायो। मैले यसो गर्नुको तात्पर्य तिमीलाई यो भूमि दिनु हो, यो भूमि तिमीले ग्रहण गर्नेछौ।"
8 तर अब्रामले भने, "हे परमप्रभु मेरा मालिक, यो भूमि मैले नै पाउनेछु भनी म कसरी थाहा पाउन सक्छु?"

बचनमा धेरै प्रस्नहरु गरिएको छ । परमेश्वरले पनि प्रस्न गर्नु भएको छ र साथै मान्छेले पनि प्रस्न गरेका छन् । तर बचनमा सबै भन्दा पहिलो प्रस्न परमेश्वरले गर्नु भएन मान्छेले पनि गरेनन् तर सैतान ले गरेको थियो । सैतानले पहिला आएर भ्रममा पार्नलाइ हब्वा संग एउटा प्रस्न सोध्यो । त्यस पछि परमेश्वर को प्रस्नहरु आउछन् । यता उत्पत्ति १५ अध्यायमा अब्राहामको दुइ वटा प्रस्नहरु छन् । पहिलो सवाल अब्राहमले परमेश्वर संग गरे उत्पत्ति को १५ को २ मा तपाइले मलाइ के दिनुहुन्छ ? त्यसैगरी मान्छेहरु को प्रस्न पनि अब्राहाम को जस्तै इसाइ भयो भने मैले के पाउछु ? दोस्रो प्रस्न ८ पदमा मलाइ कसरी थाहाँ हुन्छ ? कि तपाइले मलाइ दिनुहुन्छ भनेर ? पहिलो प्रस्नको परमेश्वर यसरी उत्तर दिनुहुन्छ । म तिमीलाइ मेरो पुत्र येशुलाइ दिन्छु । दोस्रो प्रस्नको उत्तर यसरी दिनुहन्छ म तिमी संग करार बाध्छु । हामी थोकहरु खोजेर इसाइ हुन्छौ भने हामी निरास नै हुन्छौ । परमेश्वरले हामीलाइ उहाँकै पुत्र दिनुभयो । अब्राहाम निरासामा बसेको बेला परमेश्वरले अब्राहामलाइ घर बाट बाहिर लिएर जानुहुन्छ । र अब्राहामलाइ माथि हेर भन्नुहुन्छ । त्यसैगरी हामी पनि तल यो संसारमा नै हेरेर मैलै के पाउछु भनेर निरासामा नै छौ भने प्रभु भन्नुहुन्छ माथि हेर जब हामी हाम्रो आखाँ उठाएर माथि हेर्छौ भने हाम्रो दर्शन बदलिन्छ । उदारहणको लागी चिलको अण्डा कुखुरालाइ दियो भने जब त्यो अण्डा बाट चिल निक्लिन्छ अनि त्यो चिल कुखुराको जस्तै ब्यवार गर्छ जमिनमा नै बस्छ । एक दिन आकासमा चिल उडेर आउदा त्यो चिल को आवाज सुनेर त्यति खेर त्यो चिलले माथि हेर्दा उसलाइ थाहाँ हुन्छ कि उ कुखुरा होइन उ त चिल हो । तर अरु कुखुराहरुले भन्छन् हे तिमी कुखुरा हौ माथि नहेर तल हेर् । हामी पनि यो संसारमा बसेर तलै मात्र हेर्छौ । परमेश्वर भन्नुहुन्छ तिमी उद्धार को पछि कुखुरा होइनौ तिमी चिल हौ । त्यस कारण माथि हेर तल होइन । एफिसीको पुस्तकमा हामी बिश्वासीहरुलाइ उठाएर श्वर्गीए स्थानमा राखेको छ भनेको छ । श्वर्गीय बासस्थानमा राखेको अब्राहाम परमेश्वर आएर अब्राहाम म हो तिम्रो ढाल म हो तिम्रो अति महत्वपुर्ण इनाम भन्दा खेरी अब्राहमले मैले के पाउछु भनेर भने । त्यसको मतलब अब्राहम पनि कुखुरा जस्तै भयौ र उसको संन्तान हामी पनि चिल भएर कुखुरा जस्तै भएका छौ । र हामी भन्छौ यत्रो शाल प्रभु तपाइको काम गरेर मैले के पाए ? परमेश्वरले भन्नुहुन्छ तिमीले येशु पायौ । अब्राहामलाइ परमेश्वरले बाहिर ल्याएर भन्नुभयो आकाशमा हेर के तिमी यो ताराहरु गन्न सक्छौ भन्दा अब्राहामले भने सक्दिन हो त्यस्तै गरी तिम्रो बिउ पनि यो ताराहरु जस्तै हुनेछ । यो बिउ भनेको येशु हो संन्तानहरु होइन । हामीहरु सबै येशुमा छौ । र येशुका संन्तान ताराहरु जस्तै भएका छन् संसारको हरेक देशमा हरेक शहरमा फैलिएका छन् । गन्ति गर्न सक्दैन ।

गलाती ३:१६ 16 परमेश्वरले अब्राहाम र उनका सन्तानलाई प्रतिज्ञा गरेका थिए। परमेश्वरले "अनि तिम्रा सन्तानहरूलाई" भन्नु भएन, जसको अर्थ एक जना मानिस ख्रीष्ट मात्र हुन्छ।

उत्पत्तिको पुस्तकमा संतानहरु भनेको होइन सन्तान मात्र भनेको हो उल्था गर्दा गलत भएको छ । अब्राहाम र उनका संतानलाइ भनेको एउटा सन्तान मात्र हो उहाँ येशु हुनुहुन्छ । हामी सबै येशुमा हो । येशुको बाहिर येशु को भित्र पहिलो आदम अन्तको आदम दुइ वटा आदम मात्र छ । उद्धार नपाएकाहरु शरीरमा चल्नेहरु सबै पहिलाको आदम र उद्धार पाएकाहरु अन्त को आदम हुन् ।जब परमेश्वरले अब्राहामलाइ बाहिर बोलाएर आखाँ उठाएर हेर भन्दा अब्राहामले येशुलाइ देखे ।

यूहन्ना ८:५६-५९ [56]तिम्रा पिता अब्राहाम म आउने दिन हेर्नलाई हर्षित थिए। उनले त्यो दिन देखे र हर्षित भए।"
[57]यहूदीहरूले येशूलाई भने, "तिमीले अब्राहामलाई देखकाछौ? तिमी 50बर्ष पनि पुगेका छैनौ!
[58]येशूले उत्तर दिनुभयो, "म तिमीलाई साँचो भन्छु। अब्राहाम जन्मनु अघि म छु।"
[59]जब येशूले त्यसो भने, मानिसहरूले उहाँमाथि ढुङ्गाहरू टिपेर हाने। तर येशू लुक्नु भयो र मन्दिर छाडेर जानुभयो।

अब्राहमले त्यो दिन देखे र रमाए को मतलब अब्राहमले त्यस दिन आकाशमा येशुलाइ देख्नु भएको थियो । येशु ले भन्नुभयो म अब्राहम भन्दा पनि पहिला नै थिए भन्दा उनीहरु येशुलाइ हान्नलाइ आइलागे ।

उत्पत्ति १५:६ 6 अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले अब्रामको विश्वासलाई विचार गर्नुभयो कि उसले वास्तवमा के गराउन चाहन्थे।

संन्तानहरुको माथि बिश्वास राखेर त धार्मीक हुन सक्दैन येशु मशिह माथि बिश्वास गरेर मात्र धार्मीक हुन्छ । परमेश्वरमा बिश्वास राखे भनेर यो पदमा पहिलो चोटि लेखेको छ । येशु मशिह माथि बिश्वास राख्ने पहिलो ब्यक्ति अब्राहम थिए । हनोकले येशुको दोस्रो आगमण देखे र अब्राहमले येशु को पहिलो आगमण देखे । येशु को पहिला आगमण देखेर येशु माथि अब्राहामले बिश्वास राखे र येशु माथि बिश्वास राखेको कारण परमेश्वरले उनलाइ धार्मीक मान्नुभयो । यसरी अब्राहम धर्मी ठहरीए । यो हो उद्धार । उद्धार भनेको येशु माथि बिश्वास राख्नु हो ।

रोमी ४:१-५ सकारण हाम्रा मानिसहरूका पुर्खा अब्राहाम बारे हामी के निर्ष्कषमा पुग्छौं? विश्वासको बारेमा उनले के सिके?
[2]यदि उनले गरेकै कर्मबाट धार्मिक बनाइएको हो भने, तब उनले घमण्ड गर्ने कारण थियो। तर अब्राहामले परमेश्वरको सामु घमण्ड गर्न सकेनन्।
[3]धर्मशास्त्रले भन्छ, "अब्राहामले परमेश्वरमाथि विश्वास गरे। अनि उनको विश्वास परमेश्वरले एक धर्मीको रूपमा गन्नुभयो।"
[4]जब कुनै मानिसले काम गर्दछ, उसलाई उपहारको रूपमा ज्याला दिइँदैन। उसले पाउनु पर्ने ज्याला कमाउँछ।
[5]"कसैले त्यस्तो काम गर्न सक्दैन जसले उसलाई धर्मी बनाउनेछ। यसैले मानिसले परमेश्वरमा विश्वास गर्नु पर्दछ जसले उसलाई धर्मी बनाउनुहुन्छ। तब परमेश्वरले उसको विश्वास ग्रहण गर्नुहुन्छ र उसलाई धर्मी बनाउनु हुन्छ।

३ पदमा यसरी भन्छ अब्राहामले परमेश्वर माथि बिश्वास गरे अनी उनी धार्मीक गनिए । यो उत्पत्ति १५ को ५ को बारेमा लेखिएको हो । बिश्वास द्बारा मात्र पाउने धार्मीक्ता अब्राहामले पाए ।अनुग्रह को शिक्षा दिदा पावल उत्पत्ति १५ को ६ बाट सिकाउदैछन् । धार्मीक २ कुरा बाट हुन सकिन्छ एउटा कामले तर ब्यबस्थाको कामले कोहि पनि धर्मी हुन सक्दैन ।अर्को एउटा तरीका छ त्यो हो बिश्वासले । त्यो तालिम पाउने पहिलो ब्यक्ति अब्राहाम हुन् । हाबेल ले पनि बिश्वास गरे । हनोक बिश्वासमा हिडे । तर बिश्वास द्बारा धार्मीक्ता पाउने अब्राहाम पहिलो ब्यक्ति थिए । हाम्रो जीवनमा पनि धार्मीक्ता येशु मशिहमा बिश्वास गरेको कारणले मात्र आएको हो । त्यसकारणले अब्राहामलाइ बिश्वास को पिता भनियो ।

रोमी ४:१३-१६ [13]अब्राहाम र उनका भावी सन्तानहरूले परमेश्वरको प्रतिज्ञा पाए कि उनीहरूले सारा संसार पाउने छन्। अब्राहामले त्यो प्रतिज्ञा पाएको व्यवस्थालाई विश्वास गरेको कारणले होइन। अब्राहामले परमेश्वरको प्रतिज्ञा पाएको कारण उनी आफ्नो विश्वासले गर्दा धर्मी थिए।
[14]यदि मानिसहरूले व्यवस्था पछ्याएर परमेश्वरको वचन पाउने भए, तब विश्वास मूल्यहीन बन्ने थियो, र परमेश्वरको अब्राहामसँग को प्रतिज्ञा बेकम्मा बन्ने थियो।
[15]किन? किनभने जब मानिसहरूले व्यवस्था पालन गर्दैनन् तब व्यवस्थाले परमेश्वरलाई रिस उठाउँछ। तर यदि त्यहाँ कुनै व्यवस्था छैन भने, त्यहाँ अनाज्ञाकारीताको कुनै प्रश्न आउँदैन।
[16]यसकारण परमेश्वरको विश्वास प्रतिज्ञाको फल हो। त्यसैले परमेश्वरको प्रतिज्ञा सितैको उपहार जस्तै पाउन सकिन्छ। अनि यदि प्रतिज्ञा सितैको उपहार भए, अब्राहामका विश्वास हुने सबै मानिसहरूले त्यो वचन पाउन सक्छन्। यो प्रतिज्ञा ती मानिसहरूका लागि मात्र होइन जो मोशाको व्यवस्थाको अधीनमा छन्। प्रतिज्ञा सबैको निम्ति हो जो अब्राहाम जस्तै विश्वासी थिए। अब्राहाम हामी सबैका पिता हुन्।

ब्यबस्था ले क्रोध मात्र लिएर आउछ । परमेश्वर को प्रतिज्ञाहरु छन् । उत्पत्ति ३ को १६ देखी हजारौ प्रतिज्ञाहरु छन् । यो प्रतिज्ञाहरु बिश्वास संग मात्र जोडेको छ । ब्यबस्था संग जोडेको छैन । परमेश्वरले अब्राहामलाइ येशु मशिहलाइ देखाउनु भयो । र अब्राहामले येशुर्लाइ देखेर येशु माथि बिश्वास गरे त्यसकारणले परमेश्वरले अब्राहामलाइ धार्मीक माने । त्यसैले कोहि पनि आफ्नो काम माथि होइन येशु को काम माथि बिश्वास राख्छ भने मात्र परमेश्वर उसलाइ धार्मीक मान्नुहुन्छ ।

मर्कुस १६:१५-१६ [15]येशूले चेलाहरूलाई भन्नुभयो, "सारा संसारको हरेक स्थानमा जाऊ र प्रत्येकलाई सुसमाचार प्रचार गर।
[16]जसले विश्वास गर्छ अनि बप्तिस्मा लिन्छ त्यो बाँच्ने छ। तर जसले विश्वास गर्दैन भने दोषी हुनेछ।

यो सुसमाचार धरम को काम ब्यबस्थाको काम बिना बिश्वास देखी आउने एउटा धार्मीकता छ ।सबैको लागी जो येशु को नाममा बिश्वास गर्छ ।येशु को नाम पुकार्छ सबैको लागी एउटा धार्मीक्ता छ । यो हो सुसमाचार । बप्तिष्मा भनेको धरम को काम ब्यबस्था को जीवन नै छोड्नु हो बप्तिष्मा को अर्थ । बिश्वास देखी आउने धार्मीक्ताको जीवनमा मात्र बिश्वास राख्यो भने उसले उद्धार पाउछ । यो बिश्वासमा शुरु देखी अन्त सम्म बिश्वास देखि बिश्वास सम्म जानु पर्छ । यो बिश्वास द्बारा मान्छे धार्मीक्ता को माथि धार्मीक्तामा बढेर जान्छ । ब्यबस्थाले त क्रोध मात्र लिएर आउछ ।

प्रेरीत १६:३०-३१ [30]त्यसपछि तिनीहरूलाई बाहिर निकाल्यो अनि भन्यो, "महोदयहरू! मुक्ति पाउनलाई मैले के गर्नु पर्ला?"
[31]तिनीहरूले उसलाई भने, "प्रभु येशूमा विश्वास गर तब तिमी र तिम्रो घरका मानिसहरूले मुक्ति पाउनेछन्।"

फिलिपिको जेलमा जेलको अधिकारीले सोधे उद्धार पाउनलाइ के गर्नु पर्छ ? उत्तर थियो प्रभु येशुमा बिश्वास । येशुले भन्नुभयो यहि हाम्रा बिश्वास का पिता अब्राहामले पनि मेरो दिन देखेर रमाए ।

उत्पत्ति १५:८ [8]तर अब्रामले भने, "हे परमप्रभु मेरा मालिक, यो भूमि मैले नै पाउनेछु भनी म कसरी थाहा पाउन सक्छु?"

अब्राहाम को दास्रो प्रस्न मैले पाउछु भनेर मैले कसरी थाहाँ गर्न सक्छु ?

रोमी८:३२ 32 परमेश्वरले हाम्रो निम्ति जे पनि गर्नुहुनेछ। परमेश्वरले उहाँको आफ्नै पुत्रलाई कष्ट मात्र भोगाउनु भएन तर हाम्रा निम्ति बलि दिनुभयो। तब के परमेश्वरले हामीलाई येशूका साथै हरेक उपहार दिनुहुन्न र?

परमेश्वरले भन्नुभयो जसले मेरो राज्य र धार्मीक्ता खोज्छ उसलाइ सबै थोक म थपिदिनेछु । मतलब यदि हामीले येशुमा बिश्वास राख्छौ भने हामीलाइ चाहिने संसारको अस्थाइ थोक उहाँले दिनुहुन्छ । पहिलो प्रस्नको उत्तर मैले येशु पाए दोस्रो प्रस्न मलाइ कसरी थाहाँ हुन्छ कि मैले येशु पाए । यो दास्रो प्रस्न को उत्तर हो करार

उत्पत्ति १५:९ [9]परमेश्वरले अब्रामलाई भन्नुभयो, "हामी एउटा करार गर्नेछौं। एउटा तीन वर्षको कोरली, त्यसरी नै तीन वर्ष पुगेको बाख्रा अनि तीन वर्ष पुगेको एउटा भेडा ल्याऊ। अनि एउटा ढुक्कुर र एउटा परेवाको बच्चा पनि ल्याऊ।"

परमेश्वरले तिन वटा जानवर र२ वटा पन्छि जम्मा ५ लिएर आउ भन्नुभयो । यो ५ भनेको अनुग्रह को नम्बर हो । अब्राहाम को उद्धार काम द्धारा होइन परमेश्वर को अनुग्रह द्धारा भएको हो । त्यसै गरी अब्राहाम को मात्र नभएर हामी सबैको उद्धार हाम्रो काम द्धारा होइन परमेश्वर को अनुग्रह द्धारा भएको हो । अब्राहाम संग परमेश्वरले पुरानो करार होइन नयाँ करार बनाउनुभयो । त्यस पछि यो तिन जानवरलाइ बिचमा काटेर दुइ दुइ ९याक काटे । दुबैतिर जनावर को आधा आधा भाग बिचमा रगत को नदि बग्यो ।

यर्मिया ३४:१६-२० [16]तर फेरि, तिमीहरूले आफ्ना मन बदलियौ। तिमीहरूले मेरो नाउँको बेइज्जत गर्यौ। तिमीहरूले मुक्ति दिएका कमारा-कमारीहरूलाई फर्काई ल्यायौ र बलपूर्वक तिनीहरूलाई कमारा-कमारी बनायौ।
[17]"यसकारण परमप्रभु भन्नुहुन्छ "तिमीहरूले मेरो कुराको पालन गरेनौ। तिमीहरूले आफ्ना मित्र अनि छिमेकीहरूलाई स्वतंत्र पारेनौ। यसकारण तरवार, अनिकाल र भयानक महामारीद्वारा मारिनको लागि म तिमीहरूलाई "मुक्ति" घोषणा गर्छु। म तिमीहरूको अवस्था यति दर्दनाक बनाउनेछु कि तिमीहरूको अवस्था देखी सम्पूर्ण पृथ्वी नै भयभीत हुनेछ।
[18]ज-जसले त्यो करार भंग गरेछन् अनि ज-जसले मेरो अघि गरेका प्रतिज्ञाहरू लत्याएका छन् तिनीहरूसित त्यही व्यवहार गर्नेछु जस्तो एउटी बाछीलाई दुइ फ्याक पार्छन् र ती दुइ टुक्राहरूको माझमा हिँडछन्।
[19]ती मानिसहरू जो त्यो बाछाको दुइफ्याक माझबाट हिँडे तिनीहरू यहूदा र यरूशलेमका शासकहरू, त्यो देशका मानिसहरू अनि नपुंसकहरू र पूजाहारीहरू थिए।
[20]यसकारण ती मानिसहरू तिनीहरूका शत्रुहरूलाई सुम्पनेछु जसले तिनीहरूलाई मार्न चाहन्छन्। ती मानिसका लाशहरू चरा-चुरूङ्गीहरूका लागि खाद्य अनि पशुहरूको शिकार हुनेछ।

करार त्यस्तो हुन्छ । २ ९याक पारीएको जनावरको बिचमा जहाँ रगत बग्छ त्यहाँ बिच बाट हिड्नु पर्छ । पहिले पहिले को जवानामा बिवाह पनि यस्तै हुन्थ्यो । २ ९याक पारेको जनावरको बिच बाट हिडेर बिवाह गर्थे । जो यो करार तोड्छ त्यसको हालत यस्तै हुनुपर्छ अर्थात उसको पनि २ वटा टुका गर्नु पर्छ । यो हो करार को अर्थ । अब्राहामले परमेश्वर संग भने तपाइले भने अनुसार तपाइले दिनुहुन्छ भनेर मलाइ कसरी थाहाँ हुन्छ ? परमेश्वरले भन्नुभयो तिम्रो समाज को अनुसार म तिमीलाइ दिन्छु भनेर एउटा करार बाधौ । त्यसको लागी चाहिने तिन जानवर र २ चराहरु तिन जानवर लाइ २ ९याक पारेर राख बिचमा रगत बग्छ र त्यहाँ हामी त्यसमा संगै हिड्यौ ।

उत्पत्ति १५:११ [11]पछि, ती पशुको मासु खान ठूला-ठूला पंक्षीहरू उडेर आए तर अब्रामले तिनीहरूलाई धपाए।

उत्पत्ति ३ को १५ मा भनेको पहिलो परमेश्वर को प्रतिज्ञा सर्प को बिउ र स्त्री को बिउ यो सबै येशु मशिह आउछु भनेको प्रतिज्ञा हो । अब त्यो प्रतिज्ञा करार को रुपमा आउदैछ । प्रतिज्ञाहरु छन् । प्रतिज्ञा र करार अलग अलग हो । उत्पत्ति ३ को १५ मा दिएको प्रतिज्ञा उत्पत्ति १५ मा आएर करार हुदैछ । परमेश्वर र मान्छेको बिचमा एउटा करार हुन्छ । त्यहि मान्छे हुन्छ बिश्वास को पिता । करार बाध्नको लागी अब्राहामले जानवरलाइ २ ९याक पारेर राखेका छन् बिचमा रगत बगिरहेको छ । परमेश्वर आउनुभएको छैन । अब्राहाम पर्खिरहेको छ । त्हाँ रगत बहेको कारण अरु पन्छिहरु यो मासु खान को लागी आउदैछन् । अब्राहाम त्यस पन्छिहरुलाइ धपाउदैछन् । त्यस कारण जाहाँ परमेश्वर र हामी बिचमा असल करार छ भने त्यहाँ दुष्टहरु त्यसलाइ छिन्न को लागी आउछन् । परमेश्वर र बिश्वासी को बिचमा भएको करार को बिरुद्धमा मण्डली बाहिर संसारमा पनि उठेको छ । साथै मण्डली भित्र पनि उठेको छ । त्यसकारण हामी अब्राहाम को जस्तो होसियारी हुनुपर्छ।

१ कोरिन्थी १:१८ [18]नष्ट भएकाहरूका निम्ति क्रूस बारेको शिक्षा मूर्खतापूर्ण ठहर्छ। तर हामी उद्धार पाइरहेकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो।

कुश को संन्देश हो नयाँ करार त्यसैले येशुले भन्नुभयो मेरो रगतमा भएको नयाँ करार कुश को संन्देश संसारको लागी मुर्खता हो । किनकी येशुले भन्नुभयो म मात्र हो बाटो । येशु र कुश अलग गर्दा मान्छेलाइ मन पर्छ । येशु र कुश जोड्दा खेरी मान्छेलाइ समस्या हुन्छ । मुसलमानहरुले येशु को बारेमा सबै मान्छ तर उनीहरु भन्छन् येशु कुशमा मर्नुभएन । यहुदीलाइ पनि येशुको कुश संग समस्या । अन्य जाति सबैको लागी समस्या । अन्य जातिहरुले पनि येशु को चमत्कार को काम , चंगाँइ को काम सबै स्वीकार गर्छन् तर येशु हाम्रो लागी मर्नुभयो । उहाँको रगतमा बिश्वास गर्न समस्या ।

[20]ज्ञानी कहाँ छ? शिक्षित कहाँ छ? यस युगको दार्शनिक कहाँ छन्? परमेश्वरले यस संसारको ज्ञानलाई मूर्ख तुल्याउनु भएका छन्।
[21]परमेश्वरले आफ्ना ज्ञानद्वारा के चाहनु हुन्छ भनेः ज्ञानद्वार संसारका मानिसहरूले परमेश्वरलाई चिनेनन्। त्यसैकारण परमेश्वरलाई जसले विश्वास गर्छन्

तिनीहरूको उद्धारका निम्ति मूर्खातापूर्ण लाग्ने सुसमाचार दिनु भयो।
[22]यहूदीहरू प्रमाणका निम्ति चमत्कारहरू माग्छन्। ग्रीकहरू ज्ञान चाहन्छन्।
[23]तर हामी यही प्रचार गर्छौं ख्रीष्ट क्रूसमा मारिनुभयो। तर यहूदीहरूको निम्ति यो एउटा ठूलो समस्या बन्छ। गैर-यहूदीहरूको लागि यो एउटा मूर्खता हो।

संसारको बुद्धि भनेको उद्धार धरम को काम देखि आउछ । परमेश्वरले संसार को बुद्धिलाइ रद्धि तुल्याउनु भयो । कोहि मान्छे दिन रात पुजा आजा गर्छ र धरम को काम गर्छ गरीब दुखिलाइ सहाएता गर्छ कसैलाइ नराम्रो गर्दैन त्यस्तो मान्छेलाइ त नरक जान्छस् भन्यो भने उसलाइ रिस उठ्छ । र भन्छ श्वर्ग कसरी जान्छ भन्दा येशु को काम माथि बिश्वास गरेर उद्धार पाउछ भन्यो भने त्यो मान्छे को लागी यो कुरा मुर्खता हुन्छ । २००० शाल पहिला एउटा मान्छे मर्‍यो र त्यो मान्छेमा बिश्वास गरेर मात्र हाम्रो सबै पाप हटिजान्छ भन्दा उनीहरु को लागी त्यो एउटा ठुलो मुर्खता बिश्वास गर्न नसकिने कुरा हुन्छ । उनीहरु आफ्नै धरम को काम गरेर र ब्यबस्थाको पालन गरेर श्वर्ग जान्छु भन्छन् । तर ब्यबस्थाले त क्रोध मात्र ल्याउछ । ब्यबस्था को अनुसार सबै ब्यबस्थाहरु पलन गर्नु पर्छ एउटा पनि तोड्नु हुदैन । ब्यबस्था १००% मान्न कसैले सक्दैन त्यसैले ब्यबस्था क्रोध मात्र लिएर आउछ । मोशा ब्यबस्था लिएर मिश्र देश को भित्र पस्दा पस्दै पानी त रगत भयो । मान्छेहरु मरे । इजरायलीहरु पनि मर्ने थिए । तर इजरायलीहरु ले घरको माथि थुमा को रगत लगाएको कारण उनीहरु बाचे । थुमा को रगतमा सामर्थ भएको कारण यो हो नयाँ करार । खास मा पुरानो करार पनि नयाँ करार को एउटा प्रतिक मात्र हो । यहुदीहरु खाली चिन्ह मात्रै मागेको कारण परमेश्वरले एउटा मात्र चिन्ह योना को चिन्ह दिनुभयो । तिन दिन तिन रात त्यो क्रुश को चिन्ह हो । क्रुशमा टाङछ । मर्नुहुन्छ र तिन दिन तिनरात पछि फेरी मृत्यु बाट बौरी उठ्नुहुन्छ । जब यो चिन्ह यहुदीहरुले सुने तब त्यो उनीहरुको लागी बाधा भयो । यशैया को पुस्तक ५२ अध्याय सम्म उनीहरु पढ्छन् त्यस पछि को ५३ देखि उनीहरु पढ्दैनन् कारण दुख उठाउने मशिह को बारेमा उनीहरु सुन्नै मान्दैनन् । उनैहरुले खोजेको मशिह राज्य लिएर आउनुहुनेछ भनेर पर्खेका त्यसैले चेलाहरु पनि तपाइको राज्य कहिले आउछ भनेर सोध्थे । बाकि चिन्ह मान्छन् तर मार्ने चिन्ह क्रुश को चिन्ह उनीहरु मान्दैनन् ।

फिलिपी ३:१७-२० [17]दाज्यू-भाइ, दिदी-बहिनीहरू, तिमीहरू सबैले म बाँचे झैं बाँच्ने चेष्टा गर्नुपर्छ। अनि ती मानिसहरूलाई पछ्याउ जसले हामीले बताएका तरिकामा बाँचिरहेका छन्।
[18]धेरै मानिसहरू ख्रीष्टको क्रूसको शत्रु जस्ता भएर बाँचेका छन्। मैले त्यस्ता मानिसहरूको बारेमा बारम्बार भन्दै आएको छु अनि अहिले पनि म आँसु खसाउँदै तिनीहरूका बारेमा भनिरहेछु।

यिनीहरु ख्रीष्ट को शत्रु होइनन् तर क्रुशको शत्रु हुन् । धेरै जना ले येशुलाइ माया गर्छन् तर क्रुशलाइ तिरष्कार गर्छन् । त्यसैले येशुले आफ्नै चेलाहरुलाइ आफ्नो क्रुश उठाउन सिकाउनु भयो । पावलले आशु बहाएर धेरै दुख को साथ बाहिर को मान्छे होइन तर मण्डलीको मान्छेलाइ भन्दैछन् । तिमीहरु क्रुशको शत्रु भएका छौ । उनीहरु को अन्त बिनास हो ।

[19]तिनीहरू जुन तरिकामा बाँचेकाछन् त्यसले तिनीहरूलाई विनाश तिर घचेट्नेछ। तिनीहरू परमेश्वरको सेवा गर्दैनन्। ती आफैलाई खुशी राख्न मात्र बाँच्छन्। ती लाज लाग्दो काम गर्छन् र त्यसमा गर्व गर्छन्।

पेट तिनीहरुको इश्वर भएका छन् तिनीहरु शर्ममा गर्व गर्छन् । उनीहरु आफ्नै महिमा को लागी उठ्छन् जसले गर्दा उनीहरुको अन्त बिनास नै हुन्छ । दानीयल को पुस्तक १२ मा लेखेको छ । सबै जना मृत्यु बाट उठ्छन् तर सबै महिमा को लागी होइन तर धेरै सरम को लागी उठ्छ भनेर लेखेको छ ।

[19]तिनीहरू जुन तरिकामा बाँचेकाछन् त्यसले तिनीहरूलाई विनाश तिर घचेट्नेछ। तिनीहरू परमेश्वरको सेवा गर्दैनन्। ती आफैलाई खुशी राख्न मात्र बाँच्छन्। ती लाज लाग्दो काम गर्छन् र त्यसमा गर्व गर्छन्।
[20]तर हामी स्वर्गका बासिन्दा हौं। हाम्रा मुक्तिदाताको स्वर्गबाट आगमनको निम्ति हामी पर्खिबसेका छौं। प्रभु येशू ख्रीष्ट हाम्रा मुक्तिदाता हुनुहुन्छ।

हाम्रो नागरीकता श्वर्गमा छ । तर पनि हाम्रो मन संसारकै कुराहरुमा छ । हामीले येशुको आगमण को प्रतिक्षा गर्नु पर्छ । र हाम्रो मन श्वर्गका कुराहरु तर्फ हुनुपर्छ ।

एफिसी २:८-९ **8** तिमीहरू अनुग्रहले बचाइएकाछौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिमीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो।
**9** तिमीहरू आफ्नो काम-कुराले बाँचेका हुँदै होइनौ। यसैले कसैले यसको गर्व गर्न सक्दैनौं।

हामी हाम्रो कामहरु को कारण उद्धार पाएका होइनौ । उद्धार परमेश्वरको अनुग्रह द्धारा सित्तैको एक बरदान हो ।

[10]हामी जस्तो छौं त्यस्तो परमेश्वरले नै बनाउनु भएको हो। ख्रीष्ट येशूमा असल काम गर्नलाई हामीलाई नयाँ जीवन दिइएको छ। हाम्रालागि ती राम्रा काम गर्दै हामीहरू बाँचौं भनेर परमेश्वरले यसो गर्नु भएको हो।

उद्धार पाएको मान्छेहरु को लागी एउटा बाटो देखाउनु भएको छ । हामीलाइ उहाँ को अनुसार काम गर्न को लागी हामीलाइ नयाँ जीवन दिनुभएको छ । अब हामी पावलले भनेको जस्तो हाम्रो संसारीक हुनुहुदैन । पुरै तरिकाले बदल्नु पर्छ । बिश्वासीहरु को न्याय हुदा खेरी बिश्वास को उपर न्याय हुदैन त्यो येशु माथि हो तर हाम्रो काम माथि न्याय हुन्छ ।

२ कोरिन्थी ५:७ [7]हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

[8]त्यसैले त म भन्छु हाम्रो भरोसा छ। अनि वास्तवमा हामी यस शरीरबाट टाढा रहन इच्छा गर्छौं अनि प्रभु जहाँ हुनुहुन्छ त्यही बस्न खोज्छौं।
[9]हाम्रो उद्देश्य परमेश्वरलाई सन्तुष्ट पार्नु हो। यस शरीरष्ठवरमा रहौं अथवा प्रभुसित रहौं हामी उहाँलाई सन्तुष्ट पार्न चाहन्छौं।
[10]न्यायको निम्ति हामी सबै परमेश्वरको अघि उभिनै पर्छ। प्रत्येकले यस पार्थिव शरीरमा हुदाँ जे गरेको छ, उसले त्यो पाउनै पर्छ राम्रो अथवा नराम्रो पाउनै छ।

यो न्याय अबिश्वासीहरु को न्याय होइन यो बिश्वासीहरुको न्याय हो । शरीररमा हुदा हामीले गरेको हर काम को अनुसार न्याय हुन्छ । उद्धार को निम्ति न्याय हुदैन । उद्धार को न्यायको निम्ति परमेश्वर को क्रोध येशु को माथि आयो । उद्धार को पछि बिश्वास को काम हुन्छ त्यसको माथि हो न्याय । याकुब को पुस्तकमा भन्दछ काम बिना को बिश्वास मरेको बिश्वास हो । यो काम परमेश्वरले तयार गर्नुभए को हो त्यसको अनुसार हिड्नु पर्छ । जसरी परिक्षामा प्रस्न बिध्यार्थीले बनाउन सक्दैन उसको काम हो अरुले बनाएको प्रस्न को उत्तर लेख्ने । त्यसैगरी हामीले आफैलाइ मन पर्ने काम हामी गर्न सक्दैनौ हाम्रो काम हो परमेश्वरले बनाएको काम अनुसार गर्ने । संसार को मान्छे हो प्रस्न पनि उनीहरु नै बनाउछ र उत्तर पनि उनीहरु नै दिन्छन् । धेरै जना मण्डलीमा पनि त्यस्ता छन् प्रस्न र उत्तर आफैले गर्छन् र परमेश्वरलाइ नम्बर दे भन्छन् । त्यति खेर प्रभु भन्नुहुन्छ मैले प्रस्न बनाइन । कुन प्रस्न को उत्तर तिमीहरुले दियौ । म कसरी नम्बर दिउ ? नयाँ करार को २ वटा भाग छ पहिलो एफिसी २ को ८ र अर्को एफिसी २ को १० ।

8 तिमीहरू अनुग्रहले बचाइएकाछौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिमीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो।

10 हामी जस्तो छौं त्यस्तो परमेश्वरले नै बनाउनु भएको हो। ख्रीष्ट येशूमा असल काम गर्नलाई हामीलाई नयाँ जीवन दिइएको छ। हाम्रालागि ती राम्रा काम गर्दै हामीहरू बाँचौं भनेर परमेश्वरले यसो गर्नु भएको हो।

उद्धार नपाएकाहरु संग पहिलो भाग छिन्नलाइ चिल आउछन् । उद्धार पाएकाहरु संग उनीहरु को दोस्रो भाग छिन्न चिलहरु आउछन् दुबैलाइ हामी भगाउनु पर्छ । उद्धार नपाएका मान्छेहरु को पाप को माथि न्याय हुन्छ । र उद्धार पाएका मान्छेहरु को पापको माथि न्याय हुदैन त्यो पाप येशुले लिनु भयो उद्धार पाएकाहरु को काम जो परमेश्वरले देखाएको बाटो हिड्यो कि हिडेन त्यसको माथि न्याय हुन्छ र त्यसको अनुसार मुकुट पाउछ ।

उत्पत्ति १५:१२-१३ 12 पछि सूर्य अस्ताउन लाग्दा अब्रामलाई साह्रै निन्द्रा लाग्यो। चुक झैं कालो अन्धकारले उसलाई चारै तिरबाट घेर्यो।
13 तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "तैंले यो निश्चय जान्नु पर्छ, तिम्रा सन्तानहरू विदेशी हुनेछन्, तिनीहरू त्यस धर्तीमा जानेछन् जो तिनीहरूको होइन, तिनीहरू त्यहाँ कमारा-कमारीको रूपमा चार सय वर्षसम्म सेवा गर्नेछन् अनि तिनीहरूसित धेरै खराब व्यवहार गरिनेछ। चार सय वर्षसम्म तिनीहरूले धेरै दुर्व्यवहार र अन्याय सहनु पर्नेछ। 14 म त्यो जाति जसले तिम्रा सन्तानहरूलाई कमारा-कमारी बनाए तिनीहरूको न्याय गर्नेछु अनि जब तिमीपछि आउँने तिम्रा सन्तानहरूले त्यो देश छोडनेछन्, तिनीहरूले आफूसित धेरै राम्रा चीजहरू ल्याउँछन्।
15 "तर जहाँसम्म तेरो कुरा छ, तँ मनग्गे बाँच्नेछस्। तँ शान्तिपूर्वक मर्नेछस् अनि तँ त्यहीं गाडिनेछस् जहाँ तेरा पिता-पुर्खाहरूलाई गाडिएको थियो।

अहिले सम्म दर्शन हो अब यस पदमा परमेश्वर को उपस्थिती आउछ । जब परमेश्वर को उपस्थिती आउछ मान्छेमा अन्धकार परमेश्वरको माथि डर आउछ । किनकी परमेश्वर ज्योति हुनुहुन्छ । मान्छेले हेर्न र सहन सक्दैन त्यसैले आफ्नो ज्योतिलाइ अन्धकारले ढाकेर उहाँ आउनुहुन्छ ।

16 चार पुस्तापछि तिम्रा सन्तानहरू यही देशमा फर्केर आउनेछन् र तिनीहरूले एमोरीहरूलाई हराउँनेछन्। यहाँ बस्ने एमोरीहरूलाई सजाय भोग्न लगाउन म ती तिम्रा सन्तानहरूलाई प्रयोगमा ल्याउनेछु। यी सब कुराहरूपछि हुन्छ कारण ती एमोरीहरू अहिले सजाय पाउनुको निम्ति त्यति नराम्रो भई सकेका छैनन्।"

परमेश्वरले भबिष्यमा उसका संन्ताहरु के के हुन्छ भनेर भबिष्यवाणी बोल्नु हुन्छ । तिम्रो जातिहरु चौथो पुस्तामा फेरी फर्केर प्रतिज्ञाको देशमा आउनेछन् । कारण एमोरीहरुको अधर्म अहिले सम्म पुरा भएको छैन ।

प्रस्थान २०:४-५ 4 "तिमीहरूले कुनै मूर्ति बनाउनु हुँदैन। कुनै प्रकारको मूर्ति अथवा नक्सा नबनाऊ जो आकाशमा अथवा तल पृथ्वीमाथि, पृथ्वी मुनि पानीमा छ।
5 कुनै पनि प्रकारको मूर्ति त्यस्तो प्रतिरूपको पूजा नगर र त्यसको अगाडी ननिहुर। म परमप्रभु तिमीहरूका परमेश्वर हूँ। म मेरा मानिसहरूले अरू देवताहरूको पूजा गरेको घृणा गर्छु। यदि कसैले मलाई घृणा गर्छ भने, तिनीहरूका सन्तानहरू, नाती-नातिनाहरूलाई म तिनीहरूको अपराधका निम्ति जिम्मेवार ठहाउनेछु।

मुर्ति पुजा नगर्नु भनेको छ । जिवित परमेश्वरलाइ छोडेर मुर्ति पुजा गर्ने मान्छे जिवित परमेश्वरलाइ घृणा गर्छ । त्यस्तो काम गर्ने ब्यक्तिहरुलाइ परमेश्वरको चौथो पुस्ता सम्म उहाँले दण्ड दिनुहुन्छ । मिश्र देशमा इजरायलीहरु छन् र कनान देशमा कनानीहरु छन् चार पुस्ता पछि परमेश्वर को क्रोध मिश्र देश माथि आउछ र कनानीहरु माथि आउछ । मिश्र देशलाइ पुरा नास गरेर इजरायलीहरु निक्लिन्छन् फेरी कनानीहरु माथि परमेश्वर को क्रोध आउछ । कारण अमोरीहरु को अधर्म पुरा भएको छैन । एउटा उद्धार नपाएको ब्यक्ति को छोरा , नाति यसरी चार पुस्ता सम्म परमेश्वरलाइ नपाएर मुर्ति पुजा नै गर्छ भने उसको चार पुस्तामा आाएर परमेश्वर को ठुलो क्रोध आउछ । बिचमा परमेश्वर पायो भने उसको उद्धार हुन्छ । अमोरीहरु को अधर्म चार पुस्ता सम्म गएको छैन केहि समय धैर्य धारण गर त्यस पछि तिमीहरुले अमोरीहरुको माथि कब्जा गनैछौ परमेश्वरले इजरायलीहरुलाइ भन्नुहुन्छ । उत्पत्ति देखि ४ हजार शाल को पछि हो येशु आउनुभएको । अब संसार को पाप को माथि न्याय पुरा गर्नु पर्‍यो त्यसैले येशुले संसार को पाप को निम्ति दण्ड क्रुशमा भोग्दा खेरी यो संसार ४००० शाल पुगेको थियो । उत्पत्ति को पुस्तकमा सबै भन्दा मुख्य १५ अध्याय हो कारण यस अध्याय बाट परमेश्वर को नयाँ करार शुरु भयो । परमेश्वरले बिश्वास को पिता संग करार बनाउदैहुनुहुन्छ यस अध्यायमा ।

उत्पत्ति १५:१७ 17 जब सूर्य अस्तायो, अत्यन्तै अंन्धकार छायो। बलि चढाई मारिएका पशुहरू दुइ-दुइ टुक्रामा अहिलेसम्म जमीनमा लडिरहेको थिए। त्यही समयमा धुँवाको मुस्लो जसमा बल्दै गरेको ज्वाला थियो ती मारेर टुक्रा पारिएको पशुहरू बीचबाट गए।

त्यसै दिन परमेश्वरले अब्राहाम संग यसो भनेर करार बाध्नु भयो । त्यहि समयमा धुवा र आगो गयो । यो धुवामा को छ ? र आगोमा को छ ? यो हाम्रो प्रस्न हुनुपर्छ ।

प्रस्थान १९:१७-१९ [17]तब मोशाले मानिसहरूलाई परमेश्वरसंग भेट् गर्न अगुवाई गरे। तिनीहरू पर्वतको फेदिमा नै उभिए।
[18]सीनै पर्वत धुवाँले ढाकिएको थियो। पर्वतमाथि निस्केको धुवाँ भट्टीदेखि निस्केको जस्तै थियो। यस्तो भयो किनभने परमप्रभु पर्वतमा आगोमा आउनु भयो। सम्पूर्ण पर्वत पनि जोरसित हल्लियो।
[19]तुरहीको आवाज झन्-झन् चर्को हुदै गयो। प्रत्येक पल्ट मोशाले परमेश्वरसित बोले परमेश्वरले उसलाई गर्जन जस्तो आवाजमा उत्तर दिनु भयो।

मोशा संग पनि आगो र धुवा देखा पर्‍यो । त्यसमा परमेश्वर हुनुहुन्थ्यो । जनावर को दुइ ट्याक को बिचमा परमेश्वर मात्र चल्नुभयो अब्राहाम चलेनन् । परमेश्वरले करार आफै संग बनाउनु भयो । अब्राहामलाइ परमेश्वरले त्यस करार मा चल्न दिनु भएन त्यसकारण उसलाइ परमेश्वरले मस्त निन्द्रामा पार्नु भयो कारण अब्राहामले पनि करारमा चलेको भए हामी उसका सन्तान करार तोड्ने थियौ र करार तोड्नेलाइ जस्तो जनावरलाइ २ ट्याक पारिन्छ त्यसै गरी करार तोड्नेलाइ पनि २ ट्याक पार्नु पर्छ ।

हिब्रू ६:१३ [13]परमेश्वरले अब्राहामलाई प्रतिज्ञा दिनु भएको थियो। परमेश्वर भन्दा ठूलो कोही छैन, यसर्थ परमेश्वर स्वयंले आफ्नो नाउँमा उनलाई शपथ दिनुभयो कि उहाँले आफ्नो वचन पूरा गर्नु हुनेछ।

परमेश्वरले आफ्नै नाममा शपथ खानु हुन्छ ।

[17]जसले त्यो पाउनुपर्छ उसलाई आफ्नो वचन सत्य छ भन्ने कुरो परमेश्वर प्रमाण गर्न चाहनु हुन्थ्यो। उहाँको निर्णय कहिल्यै बद्लीने छैन भन्ने कुरो तिनीहरूले स्पष्ट रूपले बुझून् भन्ने पनि परमेश्वर चाहनुहुन्थ्यो। परमेश्वरले शपथ लिएर जे भन्नुभयो त्यसलाई उहाँले प्रमाणित गर्नुभयो। परमेश्वरले जब केही भन्नुहुन्छ उहाँले ढाँट्न सक्नु हुन्न, अनि जब उहांले कुनै शपथ लिनुहुन्छ उहाँले ढाँट्न सक्नुहुन्न।
[18]यी दुइ कुराहरू बद्लिन सक्दैनन्। अनि तिनीहरूले हामीलाई हाम्रो अघि रहेको आशामा दृढ रहन शक्तिशाली उत्साह दिन्छन् जति खेर हामी सुरक्षाको लागि परमेश्वरकहाँ आयौ।
[19]हाम्रो आशा एउटा लंगूर जस्तो हो। यो मजबूत र निश्चित छ यसले हाम्रो प्राण बचाउँछ। यो मंदिरको पवित्र स्थानको पर्दाको पछि समेत पस्दछ।
[20]येशू अघिबाटै त्यस ठाउँमा पसिसकनुभएको छ र हाम्रोलागि बाटो खोलिदिनुभएको छ। यसरी येशू मल्कीसेदेक जस्तै प्रधान पूजाहारी बन्नु भएको छ।

१७ र १८ पदको अनुसार परमेश्वर २ वटा कुरामा उहाँ बदल्न सक्नुहुन्न । पहिलो उहाँ झुटो बोल्न सक्नुहुन्न । २० पद अनुसार दोस्रोमा परमेश्वर कहिले पनि मर्नु हुन्न । सबै सन्तहरु मरे तर परमेश्वर को अन्त कहिले पनि हुदैन । येशु ले मलाइ दिनुहुन्छ भनेर हामीलाइ कसरी थाहाँ हुन्छ । उहाँले हामी संग प्रतिज्ञा गर्नुभएको त्यो परमेश्वर हो जो कहिले पनि झुट बोल्नुहुन्न । र दोस्रोमा येशु कहिले पनि मर्नुहुन्न । मान्छेले प्रतिज्ञा गर्न सक्छ म तिमीलाइ यो दिन्छु भनेर उ इमान्दार होला तर त्यो समय आउनु भन्दा पहिला उ मर्न सक्छ । कारण मान्छे को हातमा मृत्यु को अधिन छैन । उ कहिले पनि मर्न सक्छ । त्यसकारण हामी मान्छे माथि भरोसा गर्न सक्दैनौ तर हाम्रो परमेश्वर ले हामीलाइ दिन्छु भनेको कुरा उहाँले दिनुहुन्छ कारण उहाँ अजम्बरी हुनुहुन्छ र उहाँ कहिले झुट बोल्न सक्नुहुन्न । मान्छेहरु सबै थोक छोडेर येशु को पछि लागेको कारण उहाँ को लागी मर्न तयार हुन्छन् कारण येशु कहिले पनि झुट बोल्नुहुन्न । सैतान त सधै झुट बोल्छ ।

लुका १:५४-५५ [54]उहाँ आफ्नो दास इस्राएललाई सहायता गर्न आउनष्ठ्वु भएकोछ। उहाँले हामीलाई उहाँको कृपा दिनु भएकोछ।
[55]उहाँले अब्राहाम र उनका सन्तानलाई दया गर्न हाम्रा पुर्खाहरूलाई दिएको वचन अनुसार सम्झनु भयो।"

परमेश्वरले एउटा अब्राहाम संग करार बनाउनु भयो । त्यो करारमा मरियम पनि फर्केर अब्राहाम संग बाधेको करारमा गइन् । सबै यहुदिहरु यस करारलाइ याद गर्छन् कारण यो करार बनाउने हाम्रो परमेश्वर कहिले पनि झुट बोल्नुहुन्न र मर्नु हुन्न ।

प्रस्थान २:२४ [24]परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नु भयो र उहाँले अब्राहाम, इसहाक अनि याकूबसित गर्नु भएको करार सम्झनु भयो। 25परमेश्वरले इस्राएलका मानिसहरूको कष्टहरू देखु भयो अनि चाँडै तिनीहरूलाई सहायता गर्नु पर्ने उहाँले बुझ्नु भयो।

परमेश्वरले करार सम्झनु भयो । हाम्रो प्रार्थना परमेश्वरले उहाँले हामी संग बाध्नुभएको करार याद गरेर हाम्रो प्रार्थना सुन्नुहुन्छ । येशु संग गरेको करार याद हुन्छ । जो कोहि मेरो छोरा येशु को नाममा पुकारा गर्छ म त्यसको प्रार्थना सुन्नेछु भन्नुभएको छ । हाम्रो काम को कारणले होइन उहाँ आफ्नो करार याद गर्नुहुन्छ । परमेश्वरले अब्राहाम संग अब्राहाम बिना आफु मात्र धुवा र आगो को रुपमा रगत द्वारा  एउटा करार बनाउनु भएको थियो । जसले त्यो करार तोड्छ त्यसलाइ २ ट्याक पारेर मार्नु पर्छ । त्यसै १००० शाल पछि परमेश्वर यस संसारमा आउनु पर्‍यो कारण उहाँले करार बाध्नु भएको थियो । पहिला प्रतिज्ञा मात्र थियो अब करार भयो । करार रगत बिना कहिले बाध्न सक्दैन । करार रगत मै हुन्छ । पहिला अदन को बगैचामा करार थियो । नुह को समयमा नुह संग । त्यसको पछि अब्राहाम संग र फेरी इजरायल संग र नयाँ नियममा आउदा खेरी येशु कै रगतमा हो करार । करारमा रगत हुन्छ नयाँ नियम को करार येशु को रगत द्वारा करार बनाउनु भयो ।

मत्ति २६:२६-२८ [26]खाँदै गर्दा येशूले रोटी लिनुभयो। येशूले रोटीको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र त्यसलाई टुक्रा पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई रोटी दिनुभयो। र भन्नुभयो, "यो रोटीहरू लेओ र खाओ। यो रोटी नै मेरो शरीर हो।"
[27]त्यसपछि येशूले एक प्याला दाखरस लिनुभयो। येशूले त्यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो अनि त्यो चेलाहरूलाई दिनुभयो। येशूले भन्नुभयो, "तिमीहरू प्रत्येकले यसबाट पिओ।
[28]यो दाखरस मेरो रगत हो। मेरो रगतले परमेश्वरबाट उहाँको मानिसहरूकालागि नयाँ करारको प्रारम्भ गर्नेछ। यो रगत धेरै मानिसहरूलाई तिनीहरूको पाप क्षमाको लागि बहाइन्छ।

पुरानो करार देखी येशु नयाँ करारमा जानुभयो ।

कलस्सी २:१७ [17]पहिले यी चीजहरू भविष्यमा हुने कुराहरूको छाया थियो। ती चीजहरू ख्रीष्टमा नै भेटिन्छ।

व्यबस्था भनेको छाया मात्र हो । बास्तविक्ता येशु हुनुहुन्छ । धेरै जना फर्केर व्यबस्थामा गएका छन् । बास्तविक्ता हामी छोड्छौ । त्यो दिन अब्राहाम सग चल्ने त्यो छाया मात्र हो बास्तविक्ता येशु हो । अब्राहामले पहिलो प्रस्न गरे मैले के पाउछु ? परमेश्वरले उत्तर दिनुभयो तिमीले मेरो छोरो येशु पाउने छौ । येशु पाउने एक जना व्यक्ति

फिलिप्पी ३:७-९ [7]एक समयमा यी सब मेरो लागि महत्वपूर्ण थियो। तर मैले ठानें, ख्रीष्टको अघि ती सब व्यर्थका रहेछन्।
[8]त्यति मात्र होइन, म सम्झन्छु, मेरा प्रभु येशू ख्रीष्टको महानतालाई बुझ्नेको तुलनामा प्रत्येक कुरो नगन्य रहेछ। ख्रीष्ट भेट्टाउँ भनी मैले नै प्रत्येक कुरो छोडिदिएँ अनि अहिले ती सबै वेकार ठान्छु।
[9]अनि यसले मलाई ख्रीष्ट अप्नाउन दियो। ख्रीष्टमा म धार्मिक छु, तर यो उपयुक्त नियम पछ्याएकोले होइन। यो परमेश्वरमा विश्वासको माध्यमद्वारा आउँछ। परमेश्वरले मलाई धार्मिक बनाउनु ख्रीष्टमा मेरो विश्वासलाई प्रयोग गर्नुभयो

ख्रीष्ट येशुलाइ पाउनको लागी सबै कुरो छोडिदिए र ति सबै म बेकार ठान्छु । अब्राहामलाइ परमेश्वरले भन्नुभयो म तिम्रो ढाल हु र म हु तिम्रो एक मात्र महत्वपुर्ण इनाम ।  पावलले थाहाँ पाए येशु नै हो उसको एक मात्र महत्वपुर्ण इनाम ।

१ युहन्ना ५:१२ [12]मानिस जोसित पुत्र छ उसित त्यो जीवन हुन्छ। तर मानिस जोसित परमेश्वरका पुत्र छैनन् उसको त्यो जीवन हुँदैन।

येशु जीवन लिएर आउनु भयो र जो संग येशु हुनुहुन्छ त्यो संग जीवन छ । मानछेले आफ्नो आखाँ करार बाट निकालेर उनीहरु को लागी इश्वर उनीहरुको आफ्नै पेट भयो । थोकहरुलाइ अगाडि राखे थोकहरु पछाडि हुनुपर्छ । धेरै बिश्वासीहरु निरासामा चलेको कारण उनीहरु को बिश्वास संसार संग जोडिएको छ । आत्मिक कुराहरुमा जोडिएको छैन ।  परमेश्वर भन्नुहुन्छ तिमीहरु संग  मेरो एउटा करार छ । जब जब तिमीहरु मेरो नाममा भेला हुन्छौ मेरो सम्झनामा मेरो शरीर को रुपमा तिमीहरुले रोटि भाच र मेरो रगत को रुपमा कटौरा बाट पिओ ।

प्रेरित २:४२ [42]ती विश्वासीहरू लगातार आपसमा भेटघाट गरिरहे। तिनीहरूले आफ्ना समय प्रेरितहरूले दिएका शिक्षा सिक्नमा प्रयोग गरे। तिनीहरू एकअर्कामा साझेदार भए। तिनीहरू एक साथ खाँदै थिए अनि एक साथ प्रार्थना गर्दै थिए।

रोटि भाच्नु करार को प्रतिक हो । त्यहाँ प्रतिज्ञा छन र त्यहाँ चिन्ह छन् । रोटि भाच्नु चिन्ह हो परमेश्वर को दोस्रो आगमण नहुन्जेल सम्म हामी मण्डलीमा रोटि भाच्छौ । जब येशु को आगमण हुन्छ त्यो दिन करार पुरा हुन्छ ।

१कोरिन्थी ११:२५-२६ [25]उसरी नै उनीहरूले खाए पछि येशूले दाखरसको कचौरा लिनुभयो। येशूले भन्नुभयो, "यो दाखरस परमेश्वरबाट आफ्ना मानिसलाई नयाँ करार हो। यो नयाँ करार मेरो रगतसित शुरू हुँदछ। जहिले पनि तिमीहरू यो पिउँछौ मेरो सम्झनामा गर्ने गरा यसै गर्नु।
[26]जब-जब तिमीहरू यो रोटी खाँदछौ र यो कचौराबाट पिउँदछौ उहाँ नआउञ्जेल प्रभुको मृत्युको घोषणा गर्दछौ।

उत्पत्ति को त्यो दिनमा मृत्यु भयो त्यो दिन जानवरको मात्र मृत्यु भयो । जसले त्यो करार तोड्छ त्यसलाइ पनि त्यो जानवरको जस्तै काट्नु पर्छ । त्यो काम येशुले कृशमा पुरा गर्नुभयो । यदि रगत नबगाइकन करार हुन सक्दैन । त्यसैले येशुले भन्नुभयो यो नयाँ करार मेरो रगत सित शुरु हुन्छ । जहिले जहिले यो खादछौ र पिउदछौ मेरो मृत्यु को घोषणा गर्नु । ताकी म तिमीहरुको पाप को लेखी मरे र अब तिमीहरु मर्न पर्दैन ।

हिब्रू ४:१६ [16]येशू हाम्रा प्रधान पूजाहारी हुनु भएकोले परमेश्वरको अनुग्रहको सिंहासन अघि उभिन हामीलाई स्वतंत्रता छ। त्यहाँ हामी सहायताको निम्ति करूणा र अनुग्रह पाउँछौं जब ती चाहन्छौं।

करार को कारण शाहस संग परमेश्वरको सिंहासनमा उभिन सक्छौ । नत्र भने पाप को दण्ड मृत्यु हो र हामी पापी भएको कारण परमेश्वर बाट टाढा भएका थियौ । र पनि अब हामी शाहस संग परमेश्वरको सामु जान सक्छौ कारण येशु हाम्रो पापको लागी मर्नुभयो । पाप को दण्ड मृत्यु हो यो ब्यबस्था कहिले पनि बदल्न सक्दैन । तर येशु को मृत्यु को करार को कारण उहाँको अनुग्रह र कृपा को कारण हामी उहाँको उपस्थीतीमा जान सक्छौ । जब परमेश्वरले हेर्नु भयो झुट नबोल्ने र कहिले नमर्ने उहा मात्र भएको कारण उहाँले आफ्नै नाममा एउटा करार बनाउनुभयो । हामीले पनि त्यो करार लाइ पक्रेर राख्नु पर्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद तपाइले त्यो दिन हामीलाइ माया गरेर अब्राहामलाइ मस्त निन्द्रामा पारेर एक्लै करार बनाउनु भयो ताकी हामी दण्डको भागिदारी नहोउ भनेर । र तपाइले एक मात्र पुत्र येशुको बलिदान दिएर फेरी हामीहरुको बिचमा नयाँ करार बनाउनु भयो कि अब हामी येशु को रगतले शुद्ध भएका छौ र साथै अब हामी मर्नु पर्दैन । प्रभु तपाइ को माहान र अगापे प्रेम को लागी धन्यबाद । यो सबै बिन्ति पार्थना येशु मशिह को नाममा आमेन ।*